फोन नं:०८२-५२०२०० (का.प्र.), ५२३०७८
Email: hgao.tulsipur@ag.gov.np, Web: www.ag.gov.np

उच्च सरकारी वकील कार्यालय
तुलसीपुर
(प्रशासन शाखा)

श्री उच्च सरकारी वकील कार्यालय तुलसीपुर २०७३

पत्र संख्या:२०८२/०८३
चलानी नं. ५८५

मितिः २०८२।०८।२९

विषयः समुदायमा सरकारी वकील कार्यक्रम अन्तर्गत लागू औषध सम्बन्धी सचेतना कार्यक्रमको प्रतिवेदन पठाएको सम्बन्धमा ।

श्री महान्यायाधिवक्ताको कार्यालय,
योजना, अनुसन्धान तथा अनुगमन विभाग ।

उपर्युक्त सम्बन्धमा यस कार्यालयको आयोजनामा समुदायमा सरकारी वकील कार्यक्रम अन्तर्गत श्री ज्ञान ज्योति माध्यमिक विद्यालयमा कक्षा ११ र कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरु बीच लागू औषध सम्बन्धी सचेतना कार्यक्रम मिति २०८२।०८।२५ गते श्री ज्ञान ज्योति माध्यमिक विद्यालयको सभाहल तुलसीपुरमा सम्पन्न भएकाले उक्त कार्यक्रमको प्रतिवेदन यसै पत्र साथ संलग्न गरी पठाइएको ब्यहोरा सादर अनुरोध छ।

२०८२।८।२९

(नगेन्द्र लम्साल)
निमित्त सहन्यायाधिवक्ता

"समुदायमा सरकारी वकील कार्यक्रम"
लागू औषध सम्बन्धी सचेतना कार्यक्रम
(विद्यार्थीहरुसँग)

<u>प्रतिवेदन</u>

मितिः २०८२ साल मंसिर २५ गते

आयोजक
उच्च सरकारी वकील कार्यालय, तुलसीपुर

<u>प्रतिवेदक</u>

निमित्त सहन्यायाधिवक्ता श्री नगेन्द्र लम्साल
सहायक न्यायाधिवक्ता श्री टिकाकुमारी रोका (के.सी.)
उच्च सरकारी वकील कार्यालय, तुलसीपुर ।

<u>विषयसूची</u>

		पृ.
१.	कार्यक्रमको संक्षिप्त जानकारी	१
२.	कार्यक्रमको उद्देश्य	१
३.	कार्यक्रममा प्रस्तुत भएका विषयहरू र प्रस्तुतकर्ता	१
४.	छलफलमा व्यक्त भएका विचारहरू र उठेका मुख्य मुख्य विषयहरू	२
५.	छलफलमा उठेका विषयहरूको सम्बोधन	३
६.	कार्यक्रमबाट हासिल मुख्य उपलब्धिहरू	५
७.	कार्यक्रम आयोजनामा आइपरेका समस्या/चुनौतीहरू	५
८.	आगामी कार्यक्रमका लागि सुझाव	५
	अनुसूचीहरु	
	क) कार्यक्रम तालिका	६
	ख) कार्यक्रमका सहभागीहरूको नामावली	७
	ग) कार्यक्रमको तस्विर	१३
	घ) कार्यक्रममा प्रस्तुत भएका कार्यपत्रहरू	१४

कार्यक्रमको संक्षिप्त प्रतिवेदन

१. कार्यक्रमको संक्षिप्त जानकारी

१) कार्यक्रमको नामः समुदायमा सरकारी वकील कार्यक्रम
लागू औषध सम्बन्धी सचेतना कार्यक्रम (विद्यार्थीहरुसँग)

२) कार्यक्रम सञ्चालन स्थानः श्री ज्ञान ज्योति माध्यमिक विद्यालय, तुलसीपुर।

३) आयोजकः उच्च सरकारी वकील कार्यालय, तुलसीपुर

४) मितिः २०८२।८।२५

५) कार्यक्रम अवधिः विहान ०८:०० बजेदेखि ०९:४५ बजेसम्म

६) सहभागी संख्याः महिलाः ३७ पुरूषः ३४ जम्माः७१

७) कार्यक्रम संयोजन

क) संयोजकः सहायक न्यायाधिवक्ता श्री टिकाकुमारी रोका (के.सी.), उच्च सरकारी वकील कार्यालय, तुलसीपुर

ख) सह-संयोजकः सहायक न्यायाधिवक्ता श्री मन्जु बुढाथोकी

ग) प्रतिवेदकः निमित्त सहन्यायाधिवक्ता श्री नगेन्द्र लम्साल र सहायक न्यायाधिवक्ता श्री टिकाकुमारी रोका (के.सी.)

घ) सहयोगीः नायव सुब्बा श्री सुमनकुमार चौधरी र खरिदार श्री सनि कक्रेल

२. कार्यक्रमको उद्देश्य

१) समुदायलाई सरकारी वकीलको काम कारबाही बारे जानकारी गराउने ।

२) सरकारवादी मुद्दाको काम कारबाहीमा समुदायको भूमिकाको बारेमा सचेतना जगाउने ।

३) लागू औषध सम्बन्धमा समुदायको सचेतना अभिवृद्धि गराउने ।

४) लागू औषध सम्बन्धमा समुदायले उठाएका जिज्ञासाहरूको सम्बोधन गर्ने।

३. कार्यक्रममा प्रस्तुत भएका विषयहरू र प्रस्तुतकर्ता

१) पहिलो कार्यपत्रः सरकारी वकील, सरकारवादी मुद्दाको कार्यसम्पादन र समुदायको भूमिका, टिकाकुमारी रोका (के.सी.), सहायक न्यायाधिवक्ता, श्री उच्च सरकारी वकील कार्यालय, तुलसीपुर

२) दोस्रो कार्यपत्रः लागू औषधको प्रयोग, असर र कानूनी व्यवस्था, नगेन्द्र लम्साल, निमित्त सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, तुलसीपुर

४.	छलफलमा व्यक्त भएका विचारहरू र उठेका मुख्य मुख्य विषयहरू

श्री सन्देश घर्ती

विद्यार्थी, कक्षा १२, कानून, श्री ज्ञान ज्योति माध्यमिक विद्यालय, तुलसीपुर ।

- कार्यपत्रमा उल्लेखित नेपाल लागू औषध प्रयोगकर्ता सर्वेक्षण २०७६ अनुसार लागू औषधको प्राप्तिको श्रोत र कुलतमा साथीको लह लहैमा ६७.७ प्रतिशत मानिसहरु दुर्व्यसनी भएको तथ्यांकले देखाएकाले यसको नियन्त्रणका लागि के गर्न जरुरी छ।

श्री सुयोग बस्नेत

विद्यार्थी, कक्षा १२, कानून, श्री ज्ञान ज्योति माध्यमिक विद्यालय, तुलसीपुर ।

- लागू औषध सेवन गर्ने मानिसहरु पक्राउ पर्छन् । एक पटक पक्राउ परेपछि समाजले पनि राम्रो दृष्टिकोणले हेर्दैन । यिनिहरुलाई समाजमा पुर्नस्थापना गर्न के गर्नुपर्ला ।

श्री सम्झना डाँगी

विद्यार्थी, कक्षा १२, व्यवस्थापन, श्री ज्ञान ज्योति माध्यमिक विद्यालय, तुलसीपुर ।

- कार्यक्रमबाट लागू औषधको कुलतबाट युवालाई जोगाउन र लागू औषधको बेचबिखन र सेवन नियन्त्रणका लागि सबैको प्रयास हुनुपर्छ भन्ने जानकारी प्राप्त भयो । साथीहरुको लह लहैमा लागेर कोहि पनि लागू औषधको सेवनकर्ता बन्न हुँदैन ।

श्री टिकाकुमारी गिरी

विद्यार्थी, कक्षा १२, कानून, श्री ज्ञान ज्योति माध्यमिक विद्यालय, तुलसीपुर ।

- कार्यक्रममा सरकारी वकील र सरकारी वकील कार्यालयको कामकारबाही बारे जानकारी भएको छ । लागू औषधमा युवा वर्ग फस्दै गएकाले यसको सचेतना र रोकथामका लागि सबै क्रियाशील हुन जरुरी छ।

श्री प्रमोद के.सी.

विद्यार्थी, कक्षा ११, कानून श्री ज्ञान ज्योति माध्यमिक विद्यालय, तुलसीपुर ।

- कानून सम्बन्धी जनचेतना मूलक कार्यक्रमहरु कानूनका विद्यार्थीहरुद्वारा सम्बन्धित विद्यालयका साना कक्षामा विद्यार्थीहरु बीच गर्दा कार्यक्रम सबल, सक्षम र प्रभावकारी हुन सक्छ ।

श्री दुर्गा के.सी.

विद्यार्थी, कक्षा १२, कानून श्री ज्ञान ज्योति माध्यमिक विद्यालय, तुलसीपुर ।

- यस कार्यक्रमले लागू औषध कसरी प्रयोग गरिन्छ र गरे पश्चात कस्तो कस्तो कानूनी सजायको व्यवस्था रहेको छ भन्ने कुरा बुझियो ।यसलाई समाजमा नियन्त्रण गर्न हामीहरुले के कस्तो कदम चाल्नु पर्ने कुरामा अझै स्पष्ट हुन चाहन्छु।यसलाई सैद्धान्तिक सचेतना भन्दा भन्दा अभियानको रुपमा रोकथाम र नियन्त्रण हुने गरी कार्यान्वयन रुपमा अगाडि बढाउदा अझ प्रभावकारी हुन्छ ।

श्री केशब बहादुर खत्री

विद्यार्थी, कक्षा १२, ब्यवस्थापन, श्री ज्ञान ज्योति माध्यमिक विद्यालय, तुलसीपुर ।

- लागू औषधको प्रयोग तथा कारोबारमा कसैले सामान पुर्याउन लगाउँदा फसेका तर इमान्दार सोझा लतमा नफसेका मानिसलाई कसरी सजायबाट छुट दिलाउन सकिन्छ।

श्री सिता वली

विद्यार्थी, कक्षा १२, कानून, श्री ज्ञान ज्योति माध्यमिक विद्यालय, तुलसीपुर ।

- यस कार्यक्रमबाट हामीले सरकारी वकीलका कार्य, कानूनी शब्दावलीका साथै लागू औषध सम्बन्धी कानूनी ब्यवस्था बारे बुझ्ने अवसर पायौं र यस कार्यक्रमबाट हामीले हाम्रो समाजमा लागू औषधको कुलतमा परेका मानिसलाई सल्लाह सुझाव दिनु पर्छ भन्ने जानकारी समेत पायौं ।

श्री शरद गौतम

शिक्षक/ एकेडेमिक कोअर्डिनेटर, श्री ज्ञान ज्योति माध्यमिक विद्यालय, तुलसीपुर ।

- विद्यार्थी र युवा वर्गलाई लागू औषधको कूलतबाट जोगाउन लागू औषध सम्बन्धी सचेतना कार्यक्रम उपयोगी हुन्छ । दुर्व्यसनीबाट जोगाउन यस किसिमका कार्यक्रम समुदाय स्तरसम्म हुन जरुरी छ।

५. छलफलमा उठेका विषयहरूको सम्बोधन

कार्यक्रममा सहभागीले उठाएका जिज्ञाशाहरुको सम्बोधन कार्यपत्र प्रस्तोताहरुले गर्नुभएको थियो ।

उक्त कार्यक्रममा सहभागीहरुले छलफलमा उठाएका विषयहरूको निमित्त सहन्यायाधिवक्ता श्री नगेन्द्र लम्सालले सम्बोधन गरी कार्यक्रम समापन गर्नुभएको थियो । छलफलमा उठेका विषयहरूको सम्बोधनलाई बुँदागत रूपमा उल्लेख गरिएको छ ।

श्री नगेन्द्र लम्साल
निमित्त सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, तुलसीपुर

- लागू औषध दुर्व्यसनी र कारोबारको नियन्त्रणका लागि समुदायका हरेक वर्ग सचेत भई स्थानीय तह र अन्तर्गतका वडाले वडामा क्रियाशील संघ संस्थाहरु, शिक्षण संस्था र टोल समितिहरुसँग सहकार्य गरी रोकथाम नियन्त्रणका कार्यहरु र सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै लागू औषध दुर्व्यसनीलाई सुधार गृहमा राख्ने कार्यका लागि परिवारका सदस्यहरुलाई प्रोत्साहित गरी लागू औषध दुर्व्यसनीमा फसेका मानिसहरुका लागि सामाजिक पुर्नस्थापनाका कार्यक्रमहरु सञ्चालन गरिएमा लागू औषधको प्रयोग र कारोबारको न्यूनीकरण गर्न सहयोग पुग्छ।
- लागू औषध दुर्व्यसनी र लागू औषधमा पक्राउ परेका ब्यक्तिहरुलाई मनोसामाजिक परामर्श र सामाजिक पुर्नस्थापनामा राखि समाजले सकारात्मक रुपमा लिई समुदाय र परिवारले हौसला र प्रेरणा प्रदान गर्न जरुरी हुन्छ । यसका लागि सामाजिक अभियानको रुपमा कार्यक्रमहरु संचालन गर्न जरुरी छ।
- लागू औषध मुद्दामा अनुसन्धानबाट कुनै प्रतिवादीको संलग्नता नदेखिएको अवस्थामा मुद्दा नचलाउने निर्णय पनि हुन सक्छ । सरकारी वकीलको तह तह हुँदै मुद्दा नचलाउने अन्तिम निर्णय महान्यायाधिवक्ताको कार्यालयबाट हुन्छ । कसूरदारले अनुसन्धानमा सहयोग गरेमा सरकारी वकीलले अभियोजन निर्णय गर्दा सजाय छुट लिन सक्ने कानूनी व्यवस्था समेत रहेको छ।
- दाङ जिल्लामा लागू औषध सम्बन्धी सरकारवादी फौजदारी मुद्दाको संख्या बढिरहेकोमा लागू औषध दुर्व्यसनी न्यूनीकरण गर्न तथा लागू औषध बिक्री वितरणको कार्य रोकथामका लागि समुदाय क्रियाशिल हुनु जरुरी छ।
- विद्यार्थीहरु लागू औषधको कूलत र दुर्व्यसनीबाट टाढै रहि लागू औषधको प्रयोग र कारोबारले समुदायमा पार्ने असर बारे सचेत रहि लागू औषध सचेतना र नियन्त्रण सम्बन्धी कार्यमा संलग्न भई सहयोग गर्न जरुरी छ।
- लागू औषध जस्ता कसूरको रोकथामका लागि समुदाय स्तरमा ब्यापक रुपमा परिवारको सदस्यहरुसम्म त्यसले पार्ने असर र कानूनी सजायको बारेमा जानकारी गराएमा रोकथाम कम गर्न मद्दत पुग्छ । यसका लागि सबै निकायबीच समन्वय र सहकार्य जरुरी देखिन्छ । लागू औषध दुर्व्यसनीमा फसेको ब्यक्ति विस्तारै लागू औषध सेवनका लागि कारोबारतर्फ क्रियाशील हुने तथा लागू औषध खरिदका लागि चोरी र डाँका जस्ता क्रियाकलापमा समेत क्रियाशील हुने भएकाले आफ्नो घर परिवारको सदस्य, साथी र छिमेकी कसैलाई पनि यस्तो कुलतमा फस्न नदिन र फसेकालाई लागू औषध दुर्व्यसनबाट छुटाउने कार्यमा समाजमा सबै वर्ग क्रियाशील हुन जरुरी छ ।

कार्यक्रममा विद्यार्थी, शिक्षक, सरकारी वकील र कर्मचारी गरी ७१ जनाको सहभागीता रहेको थियो। उक्त कार्यक्रमको सञ्चालन सहायक न्यायाधिवक्ता श्री मन्जु बुढाथोकीले गर्नुभएको थियो ।

६. कार्यक्रमबाट हासिल मुख्य उपलब्धिहरू

- सरकारी वकीलको काम कारबाही बारे सहभागीलाई जानकारी भई सरकारी वकीलको कामको पहिचानमा वृद्धि भएको छ ।
- सरकारवादी मुद्दाको अनुसन्धान र अभियोजनको प्रकृयाको बारेमा सहभागीलाई जानकारी भएको छ ।
- लागू औषधले समाजमा पुर्याउने असर, लागू औषध सेवन तथा कारोवार गर्दा हुने सजाय र लागू औषध सेवनकर्ताले देखाउने लक्षणका सम्बन्धमा सचेतना वृद्धि भएको छ।
- सरकारवादी मुद्दाको अनुसन्धानमा लागू औषध लगायतका मुद्दामा समुदायको सहयोगले फौजदारी न्याय प्रशासन सवल बनाउन र कसूरदारलाई सजाय दिलाउन महत्वपूर्ण भूमिका हुने भनी सहभागीमा सचेतना वृद्धि भएको छ।

७. कार्यक्रम आयोजनामा आइपरेका समस्या/चुनौतीहरू

कार्यक्रम सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको थियो । कार्यक्रम आयोजना र सञ्चालनमा कुनै समस्या र चुनौतीको सामना आयोजकले गर्नु परेन ।

८. आगामी कार्यक्रमका लागि सुझाव

- समुदायमा सरकारी वकील कार्यक्रमलाई अभियानको रूपमा समुदायका हरेक क्षेत्र, वर्ग र जिल्लाका विभिन्न स्थानमा कार्यक्रम आयोजना गर्दा सरकारी वकीलको पहिचान वृद्धि हुनुका साथै अपराधको रोकथाम र अपराधको अनुसन्धानमा समुदायको सहयोगमा वृद्धि हुने देखिन्छ ।

अनुसूचीहरू

क) कार्यक्रम तालिका

"समुदायमा सरकारी वकील कार्यक्रम"

लागू औषध सम्बन्धी सचेतना कार्यक्रम

कक्षा ११ र १२ का विद्यार्थीहरुसँग

मितिः २०८२।८।२५ गते समयः विहान ०८:०० बजेदेखि ०९:४५ बजेसम्म

कार्यक्रम स्थानः ज्ञान ज्योति माध्यमिक विद्यालय, तुलसीपुर-६ ।

आयोजकः उच्च सरकारी वकील कार्यालय, तुलसीपुर ।

समन्वयः ज्ञान ज्योति माध्यमिक विद्यालय, तुलसीपुर-६ ।

कार्यक्रम सञ्चालकः सहायक न्यायाधिवक्ता श्री मन्जु बुढाथोकी

०८:००-०८:१०	उपस्थिति कार्यक्रम अध्यक्षताः उच्च सरकारी वकील कार्यालय तुलसीपुरका निमित्त सहन्यायाधिवक्ता नगेन्द्र लम्साल अतिथिः श्री ज्ञान ज्योति माध्यमिक विद्यालयका शिक्षक श्री सोमराज बस्नेत
०८:१०-०८:३०	कार्यपत्र प्रस्तुती सरकारी वकील, सरकारवादी मुद्दाको कार्यसम्पादन र समुदायको भूमिका सहायक न्यायाधिवक्ता टिकाकुमारी रोका (के.सी.), उच्च सरकारी वकील कार्यालय तुलसीपुर
०८:३०-०९:००	लागू औषधको प्रयोग, असर र कानूनी व्यवस्था, निमित्त सहन्यायाधिवक्ता नगेन्द्र लम्साल, उच्च सरकारी वकील कार्यालय तुलसीपुर
०९:००-०९:४५	खुला छलफल/जिज्ञाशाको सम्बोधन सँगै उच्च सरकारी वकील कार्यालय तुलसीपुरका निमित्त सहन्यायाधिवक्ता नगेन्द्र लम्सालबाट कार्यक्रम समापन

ख) कार्यक्रमका सहभागीहरूको नामावली

"समुदायमा सरकारी वकील कार्यक्रम"

लागू औषध सम्बन्धी सचेतना कार्यक्रम

कक्षा ११ र १२ का विद्यार्थीहरुसँग

मितिः २०८२।०८।२५

कार्यक्रम स्थानः श्री ज्ञान ज्योति माध्यमिक विद्यालयको सभाहल, तुलसीपुर- ६ ।

आयोजकः उच्च सरकारी वकील कार्यालय तुलसीपुर ।

क्र.सं.	नाम	पद/कार्यालय	टेलिफोन नं/ईमेल
१	नगेन्द्र लम्साल	निमित्त सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, तुलसीपुर	९८४१४४०७८१ nagendralamsal@gmail.com
२	अबिशेक नेपाली	विद्यार्थी, कक्षा १२, श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	
३	अबिशेक चौधरी	विद्यार्थी, कक्षा १२, श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	
४	शुभम वली	विद्यार्थी, कक्षा १२, श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	
५	प्रेम राज बोहरा	विद्यार्थी, कक्षा १२, श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	
६	जिवन वली	विद्यार्थी, कक्षा १२, श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	
७	सुविन गुरुङ्ग	विद्यार्थी, कक्षा १२, श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	
८	दिपु सेन ठकुरी	विद्यार्थी, कक्षा १२, श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८०९७६९५०६
९	प्रकाश डाँगी	विद्यार्थी, कक्षा १२, Management , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८१७२४६३३०
१०	राजीब के.सी	विद्यार्थी, कक्षा १२, Management , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९७६३६४५९९६
११	नविन नेपाली	विद्यार्थी, कक्षा १२, श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९७६४७१८०४७

१२	केशब बहादुर खत्री	विद्यार्थी, कक्षा १२, Management , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८१०९३३१०९
१३	शंकेत रेउले	विद्यार्थी, कक्षा १२, श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९७६२०४५७६२
१४	भिजिट धमला	विद्यार्थी, कक्षा १२, Management , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८०६२०२८७८
१५	सरोज के.सी	विद्यार्थी, कक्षा १२, Management , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९७६९२८८२०९
१६	सिसिर महराई	विद्यार्थी, कक्षा १२, Management , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८२५१५९८७२
१७	हेमन्त के.सी	विद्यार्थी, कक्षा १२, Law , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९७०७९०९६८०
१८	कृष्ण बुढा मगर	विद्यार्थी, कक्षा १२, Management , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८२९५२६६९५
१९	गोबिन्द बस्नेत	विद्यार्थी, कक्षा १२, Management , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८२२८६५३५३
२०	रोहन बस्नेत	विद्यार्थी, कक्षा १२, Law , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८०९८०१७६
२१	सन्देश घर्ती	विद्यार्थी, कक्षा १२, Law , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९७०९९४५१०१
२२	सयोग बस्नेत	विद्यार्थी, कक्षा १२, Law , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९७०३९७२२६६
२३	प्रमोद के.सी	विद्यार्थी, कक्षा १२, Law , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८१०९८६२४४
२४	तुलाराम भण्डारी	विद्यार्थी, कक्षा १२, Law , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८६९८७९९१५
२५	प्रतिक खड्का	विद्यार्थी, कक्षा १२, Law , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८२२९५८७१०

२६	कुशल बिश्वकर्मा	विद्यार्थी, कक्षा १२, Law , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९७६३९०९८१२
२७	प्रकाश खत्री	विद्यार्थी, कक्षा १२, Management , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८२९८९८४६७
२८	सविन बिश्वकर्मा	विद्यार्थी, कक्षा १२, Management , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८१०९७२९३१
२९	लक्ष्मण बुढा मगर	विद्यार्थी, कक्षा १२, Management , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८२४९३२४०८
३०	संगम के.सी.	विद्यार्थी, कक्षा १२, Management , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८७६२३९५१२
३१	नन्दिता वि.क.	विद्यार्थी, कक्षा १२, Management , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८०९८१५९४५
३२	अनिशा चौधरी	विद्यार्थी, कक्षा १२, Management , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९७६६२४८७१०
३३	सीमा बुढाथोकी	विद्यार्थी, कक्षा १२, Management , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९७६९२७३६६१
३४	सलिना डाँगी	विद्यार्थी, कक्षा १२, Management , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८०९८९०२९१
३५	सन्ध्या कुस्ले	विद्यार्थी, कक्षा १२, Management , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८२५५६३९६०
३६	चन्द्रा घर्ती मगर	विद्यार्थी, कक्षा १२, Management , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९७०९८५१८६२
३७	बन्दना ओली	विद्यार्थी, कक्षा १२, Management , श्री ज्ञान ज्योति	९८२८२५६६०२

		माध्यमिक विद्यालय	
३८	सृष्टि चौधरी	विद्यार्थी, कक्षा १२, Management , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९७०६४६१४२९
३९	अन्जली अर्याल	विद्यार्थी, कक्षा १२, Law , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९७६१२४३३५८
४०	पुजा चन्द ठकुरी	विद्यार्थी, कक्षा १२, Law , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९७०७१२३१८१
४१	पुष्पा वली	विद्यार्थी, कक्षा १२, Law , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८६९५९३६२८
४२	सुमित्रा वली	विद्यार्थी, कक्षा ११, Law , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८०५५१८१०४
४३	कृतिका बस्नेत	विद्यार्थी, कक्षा ११, Law , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९७६२०३५५५६
४४	शाधना अधिकारी	विद्यार्थी, कक्षा ११, Law , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८२९५४५१२२
४५	दिलमाया वली	विद्यार्थी, कक्षा ११, Law , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८६४३३२४८४
४६	शिखा वि.क.	विद्यार्थी, कक्षा ११, Law , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८०९८४२१७६
४७	सिता वली	विद्यार्थी, कक्षा १२, Law , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९७४९७७६७६२
४८	दिया के.सी.	विद्यार्थी, कक्षा १२, Law , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८६३१२४४९६
४९	तिला कुमारी वि.क.	विद्यार्थी, कक्षा ११, Law , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८१०९५७९२९
५०	देविका के.सी.	विद्यार्थी, कक्षा १२, Law , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८६८०५०५४५
५१	मन्जु ओली	विद्यार्थी, कक्षा १२, Law , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८२९५९९६२६
५२	टिका कुमारी गिरी	विद्यार्थी, कक्षा १२, Law , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८६८३५१६५६
५३	निरु भट्टराई	विद्यार्थी, कक्षा १२, Law , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८६८३५१६५६

५४	उषा वली	विद्यार्थी, कक्षा १२, Law , श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८२६४७५४४९
५५	सगुन रिजाल	विद्यार्थी, कक्षा १२, श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८१०१०४५७२
५६	रितिमा शाही	विद्यार्थी, कक्षा १२, श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८२९७४२११०
५७	समिक्षा एरी	विद्यार्थी, कक्षा १२, श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८६६९५४३३१
५८	टिका डाँगी	विद्यार्थी, कक्षा १२, श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८०९५९७६१७
५९	करीना सल्मानी	विद्यार्थी, कक्षा १२, श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९७०६६४३५९०
६०	सुशिला डाँगी	विद्यार्थी, कक्षा १२, श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९७०६०५२१११
६१	विपना डाँगी	विद्यार्थी, कक्षा १२, श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८१०९३२०७९
६२	मनिषा के.सी.	विद्यार्थी, कक्षा १२, श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८१६८३६३९१
६३	सन्जीता डाँगी	विद्यार्थी, कक्षा १२, श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८२९८१६२२९
६४	जया वि.क.	विद्यार्थी, कक्षा १२, श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८०९७५३९७१
६५	आयुषा वली	विद्यार्थी, कक्षा १२, श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८१६८५२१२६
६६	सोमराज बस्नेत	शिक्षक, श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८४४९३३७६४
६७	मन्जु बुढाथोकी	सहायक न्याययाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, तुलसीपुर	९८४९५५४९९३
६८	टिका कुमारी रोका के.सी.	सहायक न्याययाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, तुलसीपुर	९८६८६३२६२४
६९	सुमन कुमार चौधरी	नायब सुब्बा, उच्च सरकारी वकील कार्यालय, तुलसीपुर	९८४६८८५५१३

७०	सनि कक्रेल	खरिदार	९८६६२०६१६५
७१	शरद गौतम	शिक्षक, श्री ज्ञान ज्योति माध्यमिक विद्यालय	९८५७८२२३२७

ग)   कार्यक्रमको तस्विर

कार्यक्रममा सरकारी वकीलको काम कारबाही बारे कार्यपत्र प्रस्तुत गर्दै उच्च सरकारी वकील कार्यालय तुलसीपुरका सहायक न्यायाधिवक्ता टिकाकुमारी रोका (के.सी.)

कार्यक्रममा लागू औषध विषयमा कार्यपत्र प्रस्तुत गर्दै उच्च सरकारी वकील कार्यालय तुलसीपुरका निमित्त सहन्यायाधिवक्ता नगेन्द्र लम्साल

घ) कार्यक्रममा प्रस्तुत भएका कार्यपत्रहरू

पहिलो कार्यपत्र

१ सरकारी वकील, सरकारवादी मुद्दाको कार्यसम्पादन र समुदायको भूमिका

टिका कुमारी रोका के.सी., सहायक न्यायाधिवक्ता,
उच्च सरकारी वकील कार्यालय, तुलसीपुर
२०८२ मंसिर २५ गते

सरकारी वकील को हुन ?

- कानूनका ज्ञाता एवं विशेषज्ञ
- मुख्य र अन्तिम अभियोजनकर्ता
- सार्वजनिक हितको संरक्षणकर्ता
- मानव अधिकारको रक्षक एवं मानव मर्यादाका सम्मानकर्ता
- फौजदारी न्याय प्रशासनको सुधारका संवाहक एवं समन्वयकर्ता,
- कानूनी शासनको संरक्षणकर्ता
- पीडित पक्षको प्रतिनिधित्व गर्दछन् र सो वापत् पीडितले कुनै दायित्व बहन गर्नु पर्दैन।
- पीडितलाई न्याय र कसूरदारलाई सजाय दिलाउन प्रयत्नरत रहन्छन् त्यसैले न्यायका पहरेदार हुन् । सरकारी वकील जनताका वकील हुन् ।

सरकारी वकीलका कामहरुः

- नेपाल सरकार वादी हुने मुद्दाहरु चलाउने वा नचलाउने भन्ने कुराको निर्णय गर्ने,
- नेपाल सरकार वादी वा प्रतिवादी भएका मुद्दाहरु र नेपाल सरकारलाई सरोकार पर्ने मुद्दाहरुमा सम्बन्धित अड्डा अदालतमा उपस्थित भई नेपाल सरकारको तर्फबाट बहस, पैरवी र प्रतिरक्षा गर्ने,
- सरकारका तर्फबाट साक्षीहरु अदालतमा उपस्थित गराई बकपत्र गराउने, साक्षीहरुको संरक्षण गर्ने,
- सरकारवादी मुद्दाहरुमा पुनरावेदन गर्ने/नगर्ने सम्बन्धमा निर्णय गर्ने,
- हिंसा वा अपराध पीडित, जाहेरवाला वा साक्षीका साथै हिरासतमा परेका व्यक्तिहरुको मानवअधिकारको संरक्षण गर्ने,
- कानूनको सहि रूपमा प्रयोग गराइ न्याय सम्पादनको कार्यमा सहयोग पुऱ्याउने ।

सरकारी वकील कार्यालयको सांगठनीय संरचनाः

- महान्यायाधिवक्ताको कार्यालय,
- उच्च सरकारी वकील कार्यालयहरुः १८
- जिल्ला सरकारी वकील कार्यालयहरुः ७७
- विशेष सरकारी वकील कार्यालयः १

सरकारी वकीलका पदहरुः

- **महान्यायाधिवक्ताः** प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट नियुक्त हुने संवैधानिक पद। नेपाल सरकारको प्रमुख कानूनी सल्लाहकार ।
- **नायब महान्यायाधिवक्ताः** नेपाल न्याय सेवाको राजपत्रांकित विशिष्ट श्रेणीको सरकारी वकीलको पद (सचिवस्तर)
- **सहन्यायाधिवक्ताः** नेपाल न्याय सेवा, सरकारी वकील समूहको राजपत्रांकित प्रथम श्रेणीको सरकारी वकीलको पद (सहसचिव स्तर)
- **उपन्यायाधिवक्ता/जिल्ला न्यायधिवक्ताः** नेपाल न्याय सेवा, सरकारी वकील समूहको राजपत्रांङ्कित द्वितीय श्रेणीको सरकारी वकीलको पद (उपसचिवस्तर)
- **सहायक जिल्ला न्यायाधिवक्ता/शाखा अधिकृतः** नेपाल न्याय सेवा, सरकारी वकील समूहको राजपत्रांकित तृतीय श्रेणीको सरकारी वकीलको पद (शाखा अधिकृत स्तर)

सरकारवादी मुद्दाहरुः

- **देवानी मुद्दाहरुः** सरकारी र सार्वजनिक सम्पत्ति सम्बन्धी मुद्दाहरु र नेपाल सरकारको हक हित सरोकार सम्बन्धी देवानी मुद्दाहरु सरकारवादी देवानी मुद्दा हुन्छन्।
- **फौजदारी मुद्दाः** दुनियावादी फौजदारी हुने केही अपवादलाई छाडेर प्राय सबैजसो सरकारवादी फौजदारी मुद्दा हुन्छन् ।
- **मुद्दाको कारवाही प्रक्रियाः**
    - ✓ अनुसन्धान,
    - ✓ अभियोजन,
    - ✓ न्याय सम्पादन,

सरकारवादी फौजदारी मुद्दाका सरोकारवाला निकायहरुः

- प्रहरी
- सरकारी वकील
- कानून व्यवसायी
- अदालत
- नागरिक समाज
- स्थानीय तह
- अन्य विभिन्न सरकारी निकाय/संघसंस्थाहरुः अस्पताल पुनर्स्थापना केन्द्र आदि।

सरकारी वकीलबाट समुदायले राखेको अपेक्षाः

- सरकारी वकील व्यक्तिगत लाभ र पूर्वाग्रहबाट प्रेरित नभई जनताका रक्षकको रुपमा काम गरुन,
- अपराधीलाई बचाउने र निरपराधीलाई फसाउने खराब नियतले काम नगरुन,

- बयान, बकपत्र गराउने क्रममा सक्रिय सहभागीता जनाउन,
- कसैको दवाव र प्रभावमा नपरी अपराधीलाई कडा सजाय हुनेगरी प्रभावकारी अभियोजन गरुन,
- हरतरहले पीडितलाई न्याय र कसूरदारलाई सजाय दिलाउन प्रयत्नरत रहुन,

सरकारवादी मुद्दा/अपराधको अनुसन्धान र अभियोजनसँग सम्बन्धित शब्दावलीहरुः

- **अपराधः** कानूनले गर्नु नहुने भनि तोकेको कार्य कसूर,
- **जाहेरी दर्खास्तः** अपराधको सूचना दिने निवेदन उजुरी,
- **अभियुक्तः** अपराध गर्ने कार्यमा संलग्न भएको भनि आरोप लागेको व्यक्ति,
- **सरकारवादी फौजदारी मुद्दाः** कसूर र अपराध सम्बन्धी मुद्दा
- **अपराध अनुसन्धान, तहकिकातः** अपराधमा को कस्को संलग्नता छ भनि गरिने सवुद प्रमाणको संकलन, प्रारम्भिक जाँच, खोजविन गर्ने काम
- **म्याद थपः** पक्राउ परेको व्यक्तिलाई अनुसन्धानको लागि हिरासतमा राख्न अदालत वा मुद्दा हेर्ने अधिकारीबाट दिइने आदेश,
- **सवुद प्रमाणः** कुनै कुरा समर्थन वा खण्डन गर्न सहयोग पुऱ्याउने चिज, वस्तु वा भनाइ,
- **दसी प्रमाणः** अपराध भएको स्थान तथा घटनास्थलमा भेटिएको प्रमाण लाग्ने माल सामान, चिजवस्तु
- **साक्षीः** कुनै अपराधको बारेमा देख्ने, सुन्ने, थाहा पाउने वा जानकारी राख्ने भनी अभियोग पत्रमा वा बयानमा उल्लेख भएको व्यक्ति ।
- **बरामदी मुचुल्काः** अपराधसँग सम्बन्धित कुनै दशी प्रमाण संकलनको क्रममा अनुसन्धानकर्ताले बुझिलिएको वा जिम्मा लिएको भनी गरेको कागज ।
- **खानतलासी मुचुल्काः** कुनै अपराधको अनुसन्धानको क्रममा कसैको जीउ वा आवास वा कुनै स्थानमा गरिने खोजतलासको बारेमा तयार गरिने कागज ।
- **मौकाको कागजः** अपराधसँग सम्बन्धित विषयमा कुनै जानकारी लिन गराइएको लिखत,
- **मौकाको बयानः** अपराधको अनुसन्धानको क्रममा पक्राउ परेका व्यक्तिलाई सो अपराध र त्यसमा निजको संलग्नताको बारेमा सरकारी वकील समक्ष गराइने बयान ।
- **रोहवरः** कुनै काम कुराको मुचुल्का आदि गर्दा जसको सामुन्ने त्यस्तो कागज काम भएको हो उ साक्षी बस्ने काम ।
- **सनाखतः** अपराधको अनुसन्धान गर्दा कुनै बस्तु वा मानिस चिनाउने काम
- **घाँ जाँचः** कुटपिट गरेका अवस्थामा चिकित्सक (डाक्टर) द्वारा घाउचोटको रुप र अवस्था जाँच गराउने काम ।
- **लासजाँच मुचुल्काः** लास जाँच गरी तत्काल देखिएको मृत्युको कारण र अन्य विवरणसमेत लेखिएको कागज
- **अभियोजनः** कसै उपर कुनै अपराधमा मुद्दा चलाउने गरी गरिने निर्णय,

- **अभियोगपत्रः** कसैलाई कुनै अपराधमा सजाय गरी पाउँ भनी मागदावी लिई पेश गरिने आरोप पत्र ।
- **इजलासः** मुद्दाको सुनुवाई हुँदा न्यायाधीश, पक्षहरु र वकीलहरु (कानून व्यवसायीहरु बस्ने ठाउँ)
- **पेसीः** अदालतमा सुनुवाइका लागि दिएको तारिख अनुसार मुद्दा न्यायाधीश समक्ष पेस गर्ने कार्य।
- **पुर्पक्षः** अदालतमा आएको मुद्दाको कारबाही
- **जिरहः** एक पक्षले अर्को पक्षको साक्षीलाई सोधपुछ गर्ने काम

समुदायबाट सरकारी वकीलले राखेको अपेक्षा अर्थात अपराधको कारबाही प्रक्रियामा समुदायको भूमिकाः

- अपराधको सूचना समयमा उपलब्ध गराउने,
- अपराध गर्ने व्यक्तिलाई पक्राउ गर्न वा नियन्त्रणमा लिन सहयोग गर्ने,
- अपराधको अनुसन्धानको क्रममा आफूले देखे, थाहा पाएका विषयको जानकारी गराउने,
- अपराधको अनुसन्धानको क्रममा तयार गरिने लिखतमा रोहवर र साक्षी बस्ने,
- अपराध पीडितलाई तत्काल उद्धार, उपचार, राहत र पुनरुथापना गर्न सहयोग गर्ने,
- साक्षीको रुपमा रहेका व्यक्तिले अदालतमा आई आफूले देखे, जानेको थाहा पाएको कुरा बताउने÷बकपत्र गर्ने,
- अदालतबाट भएको आदेश, फैसला कार्यान्वयन गर्न सहयोग गर्ने,
- अनुसन्धान, अभियोजन र न्याय निरोपणका क्रममा अनुसन्धान अधिकारी, अभियोजनकर्ता र न्याय निरोपण गर्ने अधिकारी र न्यायाधीसलाई अनुचित रुपमा आश, त्रास, दवाव र प्रभावमा पार्ने प्रयत्न नगर्ने ।

स्थानीय तहको भूमिकाः

- साक्षी तथा पीडितहरुको सुरक्षा गर्ने,
- आवश्यक पर्ने सिफारिसहरु दिने,
- प्रमाण बुझ्ने क्रममा रोहवरमा बस्ने, साक्षी सरजमीनका मानिस जुटाइ दिने,
- नावालकको सम्पत्ति जिम्मा तथा संरक्षण गर्ने,
- अनुसन्धान अधिकृतको अनुरोध वा अदालतको आदेश अनुसार स्थानीय स्तरमा गर्नुपर्ने विभिन्न मुचुल्काहरु तयार गर्न स्थानीय निकायको सहयोग अत्यन्त जरुरी हुन्छ ।

समुदायले थाहा पाइराख्नु पर्ने कुराहरुः

- कसैले पनि कुनै कानून जानेको छैन वा जानेको थिइन भन्न पाइदैन ।
- कसैलाई पनि छुवाछुत वा अन्य कुनै प्रकारको भेदभाव गर्न पाइदैन ।

- दश वर्ष भन्दा कम उमेरका नाबालकलाई कुनै अपराधमा पनि सजाय हुँदैन, मुद्दा लाग्दैन ।
- नाबालकलाई सिकाएर कुनै अपराध गर्न लगाएमा वा त्यसरी अपराध भएमा वा सिकाउने वा अपराध गर्न लगाउनेलाई सजाय हुन्छ ।
- कसैलाई पनि कानून बमोजिम बाहेक थुनामा राख्न पाइदैन ।
- कसैलाई पनि यातना दिन पाइदैन, पक्राउ परेका व्यक्तिलाई कुटपिट गर्ने वा कुनै किसिमको यातना दिने गर्न हुँदैन ।
- अपराधको सूचना दिनु सबैको कर्तव्य हो, नजिकको प्रहरी कार्यालयमा यस्तो सूचना दिन सकिन्छ ।
- अपराधको बारेमा आफूलाई थाहा जानकारी भएको कुरा अनुसन्धानको क्रममा अनुसन्धान अधिकारी र अदालत÷अर्धन्यायिक निकायमा बयान,बकपत्र गर्दा भन्नु पर्दछ।
- अपराध पीडितलाई उद्धार गर्न, उपचार गर्न र पुनरुथापना गर्न सहयोग गर्नु पर्दछ ।
- साक्षीको रुपमा रहेका व्यक्तिले अपराधको बारेमा आफूलाई थाहा जानकारी भएको कुरा अदालतमा गएर वकपत्र गरिदिनु पर्दछ ।
- सुनेर जानेको वा थाहा पाएको कुरा प्रमाण होइन ।
- असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क कानूनी सहायता पाउने हक हुन्छ ।
- अपराध पीडितलाई त्यो मुद्दाको अनुसन्धान र कारबाहीको जानकारी पाउने हक हुन्छ।
- नेपाल सरकार वादी हुने मुद्दामा अपराधको सूचना दिने व्यक्ति सरकारी गवाह हुन्छन्।
- अदालतबाट दोषी ठहर नहुँदासम्म अभियुक्तलाई निर्दोष मान्नु पर्दछ ।
- आफू विरुद्ध लागेको कसूरको प्रतिरक्षा गर्न कानून व्यवसायी राख्न असमर्थ अभियुक्तलाई राज्यद्वारा निशुल्क कानूनी सहायता एवं प्रतिरक्षा उपलब्ध हुन्छ । यसका लागि वैतनिक वकीलको व्यवस्था गरिएको हुन्छ ।

दोस्रो कार्यपत्र

२ लागू औषधको प्रयोग, असर र कानूनी व्यवस्था

निमित्त सहन्यायाधिवक्ता नगेन्द्र लम्साल
उच्च सरकारी वकील कार्यालय, तुलसीपुर
२०८२।८।२५

लागू औषधको परिचय

- कुनै पनि औषधी जसको सेवनले मानिसको केन्द्रीय स्नायु प्रणालीमा प्रभाव पार्नुका साथै प्रयोगकर्ताको भावना तथा सोचाइमा विकृत परिवर्तन ल्याउने तत्वलाई लागू औषध भनिन्छ ।
- लागू औषधको सेवनले मानिसको मानसिक चेतना अनुभुति र मनोभावलाई प्रभावित पारी बुझने, सम्झने र सोच्ने शक्तिलाई विकृत तुल्याउँछ ।
- कानूनद्वारा निषेधित गाँजा, चरेश, अफिम, कोकिन, मर्फिन, हेरोइन, डाएमर्फिन र मनोद्दीपक औषधीहरु आदि अवैध लागू औषध हो भने सूर्तिजन्य पदार्थ र मदिरा कानूनद्वारा नियन्त्रित लागू पदार्थ हो ।
- लागू औषध (नियन्त्रण) ऐन २०३३ को दफा ३ मा लागू औषध भन्नाले
  - गाँजा
  - औषधोपयोगी गाँजा
  - अफिम
  - तयारी अफिम
  - औषधोपयोगि अफिम
  - कोकाको झार र पात र
  - अफिम तथा कोकाको सारतत्व मिश्रण वा लवण समेत मिसाई तयार गरिने कुनै पदार्थ।
- नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका प्राकृतिक वा कृत्रिम लागू औषध तथा मनोद्वीपक पदार्थ (साइकोट्रपिक्स सब्स्टान्स) र तिनको लवणहरू तथा अन्य पदार्थ समेत सम्झनु पर्दछ ।
- नेपाल राजपत्र, खण्ड ४४, २०५१ साल जेठ २ मा प्रकाशित (संख्या ५), भाग ३, गृह मन्त्रालयको सूचना अनुसार मनोद्दीपक औषधीहरु (साइकोट्रपिक सब्स्टान्स) भनी पृष्ठ ३ मा उल्लेख भए अनुसारः

  १. एमफटामिन र यसका लवण तथा यसको मूल श्रणुमा थप रासायनिक समूह जोडी उत्पादन गरिएका सम्बन्धित सबै रसायनहरु,

  २. वार्विटोन तथा यसका लवण तथा यसको मूल श्रणुमा थप रासायनिक समूह जोडी उत्पादन गरिएका सम्बन्धित सबै रसायनहरु,

३. नाइट्राजेपाम,

४. लोराजेपाम,

५. अक्साजेपाम,

६. टिमाजेपाम,

७. डाइजेपाम,

८. क्लोरडाइजिपीक्साइड र

९. क्लोनाजेपाम ।

१०. नेपाल राजपत्र, खण्ड ७४, २०८१ साल जेठ ७ मा प्रकाशित (संख्या ७), भाग ५, गृह मन्त्रालयको सूचना अनुसार Tramadol र Tapentadol औषधीहरुको एकल वा सम्मिश्रण भई बनेका औषधीहरुलाई मनोद्वीपक पदार्थको रुपमा तोकिएको।

लागू औषधको वर्गिकरणः

प्राप्तिको श्रोतको आधारमा

- प्राकृतिक
- कृत्रिम

कानूनी रुपमा

- कानूनी
- गैरकानूनी
- नियन्त्रित

लागू औषध प्रयोगका कारणहरु

नेपाल लागू औषध प्रयोगकर्ता सर्वेक्षण २०७६ अनुसार लागू औषध दुर्व्यसनका कारणहरू देहाय अनुसारका रहेको छः

- साथीसँगीको दबाब
- मनोरञ्जनका लागि
- उत्सुकता
- खुसी हुन
- मानसिक तनाव
- पारिवारीक समस्या
- डिप्रेसन
- पढाईमा समस्या

लागू औषध प्रयोगकर्तामा देखिने लक्षणहरु

- एकान्तमा बस्न रुचाउने तथा बोलचाल कम गर्ने ।
- असमान्य व्यवहार देखाउने । स्वभाव, बोल्ने शैली र पहिचानमा अचानक परिवर्तन आउने।
- विना कारण झगडा बनाएर चाहिने भन्दा बढी पैसा माग्ने र खर्च गर्ने ।
- शरिर कमजोर हुने र दुव्लाउँदै जाने ।
- पढ्न मन नगर्ने ।
- घरबाट पैसा र बहुमुल्य सामानहरु हराउने ।
- अपराध कर्ममा लाग्ने ।
- सौचालयमा लामो समय सम्म विताउने ।
- हाई हाई गर्नु र निद्रा नलाग्नु ।
- शरिरमा काटिएको खत, निलडाम र चोटपटक देखिनु ।
- अध्ययन गर्ने संस्थामा गयल हुने । पढाई बिग्रदै जाने ।
- घरमा अनावश्यक, नयाँ नयाँ र अमिल्दा साथीहरु ल्याउने ।
- घरमा ढिलो आउने र धेरै जसो घर बाहिर बस्ने खोज्ने ।
- छटपटी हुन, थर थर काँप्नु र स्थिर आसन नहुनु ।
- सुत्ने र उठने समयमा अचानक परिवर्तन आउनु ।
- मुटुको चाल घटबढ भइरहनु ।
- आँखा रातो हुनु, आँखाबाट आँसु आइरहनु र बोली लरबरिनु ।
- आँखा जुधाएर वा सिधा भएर कुरा गर्न नसक्नु ।
- व्यक्तिगत सरसफाईमा ध्यान नदिनु । एउटै लुगा धेरै दिन सम्म लगाउनु ।
- खानामा रुची नहुनु ।
- अचानक निर्णय बदल्नु वा तुरुन्तै सनकपन देखाउने ।
- दुर्व्यसनसँग सम्बन्धित वस्तुहरुमा ट्याब्लेट, सुर्तीको धुलो, झिलझिले कागज, सिरिन्ज, ब्लेड, सलाई लाइटर, मसिनो पाइप, बेरिएको नोट, औषधिका सिसीहरु, खैरो/सेतो धुलोहरु आदि झोला वा खल्तिमा वा कोटामा भेटिनु आदि ।

लागू औषध प्रयोग गर्ने तरिका

नेपाल लागू औषध प्रयोगकर्ता सर्वेक्षण २०७६ अनुसार लागू औषध प्रयोगकर्ताले लागू औषध प्रयोग गर्ने तरिका निम्नानुसार रहेको छः

- मुखबाट
- धुँवाबाट
- सुईबाट
- सुँघेर

लागू औषध सेवनबाट हुने असरहरू

- **शारीरिक असरः** एच.आई.भि.÷एड्स, हेपाटाईटिस तथा यौनजन्य रोगहरू संक्रमण हुने, तौल घट्ने, शरीर दुब्लाउने, खानामा रूचि नहुने, ओभरडोज भएर मृत्यु समेत हुने ।
- **मानसिक असरः** एकोहोरोपन, फ्रस्टेसन, डिप्रेशन, सोच्न सक्ने शक्ति हराउने, स्मरण शक्ति कम हुने, नकारात्मक भावनाको श्रृजना, आत्महत्या गर्न प्रेरित हुने ।
- **पारिवारिक तथा सामाजिक असरः** पारिवारिक असमझदारी बढ्ने, घरको सामानहरू चोरी हुने, दैनिक झगडा गर्ने, सम्पत्ति घट्दै जाने, पारिवारिक दुरि बढने, अनैतिक कार्यमा संलग्न हुने इत्यादि ।

लागू औषध प्रयोगकर्तामा देखिने स्वास्थ्य समस्याहरु

लागू औषधको प्रयोगबाट प्रयोगकर्ताहरूमा

- हेपाटाइटिस B/C,
- क्षयरोग,
- एच.आई.भि./एड्स,
- एस.टि.डी. Sexually transmitted diseases,
- कुपोषण
- विभिन्न स्वास्थ्य समस्या
- लागू औषधको सेवनबाटै व्यक्तिको अकालमा ज्यानै पनि जाने

प्रयोगकर्ताले लागू औषध प्राप्तिका श्रोतहरू

नेपाल लागू औषध प्रयोगकर्ता सर्वेक्षण २०७६ अनुसार लागू औषध प्रयोगकर्ताले लागू औषध प्राप्तिका श्रोतहरूः

प्राप्तिको श्रोत	प्रतिशत
• साथीसँगी	67.7
• डुलन्ते विक्रेता	14.1
• औषधी पसल	8.4
• अन्य पसल	7.2
• इन्टरनेटको माध्यम	2.5
• अन्य	0.4

लागू औषध (नियन्त्रण) ऐन, २०३३

दफा ४ निषेध गरिएका कार्यहरु

क) गाँजाको खेती गर्न, उत्पादन गर्न, तैयारी गर्न, खरिद गर्न, विक्री वितरण गर्न, निकासी वा पैठारी गर्न, ओसार पसार गर्न, सञ्चय गर्न वा सेवन गर्न,

ख) अफीम वा कोकाको खेती गर्न वा अफीम वा कोकाको पात वा अन्य लागू औषधको उत्पादन गर्न,

ग) लागू औषधको निर्माण वा तैयारी गर्न,

घ) लागू औषधको विक्री वितरण गर्न,

ङ) लागू औषधको निकासी वा पैठारी गर्न,

च) लागू औषध खरिद गर्ने, सञ्चय गर्ने, राख्न वा ओसार पसार गर्ने,

छ) गाँजा बाहेक अन्य लागू औषध सेवन गर्ने,

दफा १४ दण्ड सजाय

(१) दफा ४ अन्तर्गत निषेध गरिएका कार्य गर्ने व्यक्तिलाई अपराधको मात्रा अनुसार देहाय बमोजिम सजाय हुनेछः

क) गाँजा सेवन गर्ने व्यक्तिलाई एक महिनासम्म कैद वा दुई हजार रुपैयाँसम्म जरिवाना।

ख) पच्चीसवटा बोटसम्म गाँजाको खेती गर्ने व्यक्तिलाई तीन महिना सम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना ।

ग) पच्चीसवटा बोट भन्दा बढी गाँजाको खेती गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा पाँच हजार रुपैयाँ देखि पच्चीसहजार रुपैयाँसम्म जरिवाना ।

घ) गाँजा उत्पादन, तयारी, खरिद, विक्री, वितरण निकासी वा पैठारी, ओसारपसार तथा संचय गर्ने व्यक्तिलाईः-

१) पचास ग्रामसम्मको भए तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना ।

२) पचास ग्रामदेखि पाँचसय ग्रामसम्मको भए एक महिनादेखि एक वर्ष सम्म कैद र एक हजार रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना ।

३) पाँचसय ग्रामदेखि दुई किलो ग्रामसम्मको भए ५ महिनादेखि दुई वर्षसम्म कैद र दुई हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना ।

४) दुई किलो ग्रामदेखि दश किलो ग्रामसम्मको भए एक वर्षदेखि तीन वर्षसम्म कैद र पाँचहजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना ।

५) दश किलो ग्रामदेखि माथि जतिसुकै भए पनि दुई वर्षदेखि दश वर्षसम्म कैद र पन्ध्र हजार रुपैयासम्म एक लाख रुपैयाँसम्म जरिवाना ।

ङ) अफीम, कोका वा सोबाट बनेको लागू औषधको सेवन गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना ।

च) अफीम वा कोकाको खेती गर्ने व्यक्तिलाईः-

१) पच्चीसवटा बोटसम्म भए एक वर्षदेखी तीन वर्षसम्म कैद र पाँच हजार रुपैयाँदेखि पच्चीसहजार रुपैयाँसम्म जरिवाना ।

२) पच्चीस बोट भन्दा माथि जतिसुकै भए पनि तीन वर्षदेखि दश वर्षसम्म कैद र पच्चीस हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिवाना ।

छ) अफिम, कोका वा सोबाट बनेका लागू औषधको सेवन र खेती गर्ने कार्य बाहेक अन्य निषेधित कार्य गर्ने व्यक्तिलाईः-

१) पच्चीस ग्रामसम्मको कारोवार गर्नेलाई पाँच वर्षदेखि दश वर्षसम्म कैद र पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना ।

२) पच्चीस ग्रामदेखि एक सय ग्रामसम्मको कारोवार गर्नेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचहत्तर हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिवाना ।

३) एक सय ग्रामदेखि माथि जतिसुकै परिमाणको कारोवार गर्नेलाई पन्ध्र वर्षदेखि जन्म कैद र पाँचलाख रुपैयाँदेखि पच्चीस लाख रुपैयाँसम्म जरिवाना ।

ज) नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरि तोकिदिएका प्राकृतिक वा कृत्रिम लागु औषध तथा मनोद्वीपक पदार्थ (साईकोट्रपिक सब्स्टान्स) र तिनको लवण र अन्य पदार्थ समेतको दुर्व्यसन गर्ने व्यक्तिलाई दुई महिनासम्म कैद वा दुई हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय ।

झ) माथि खण्ड (ज) मा लेखिएदेखि बाहेक अन्य निषेधित कार्य गर्ने व्यक्तिलाई दुई वर्षदेखि दश वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि वीस लाख रुपैयाँसम्म जरिवाना ।

दफा १६ः बारम्बार अपराध गर्नेलाई थप सजायः यस ऐन अन्तर्गत एक पटक सजाय पाइसकेको व्यक्तिले पुनः यसै ऐन अन्तर्गत अपराध गरेमा निजलाई त्यस्तो पछिल्लो प्रत्येक पटकको निमित्त सजायमा थप पाँच वर्षसम्म कैद र एक लाख रुपैयासम्म जरिबाना हुनेछ।

दफा १८ अपराधसित सम्बन्धित मालसामान जफत हुने

दफा १८क. सम्पत्ति जफत हुनेः (१) दफा ४ को खण्ड (ख), (ग), (घ), (ङ) र (च) अन्तर्गत निषेध गरिएको कुनै कार्य गरी आर्जन गरेको सबै चल तथा अचल सम्पत्ति जफत हुनेछ ।

लागू औषध सेवन र कारोबार रोकथान गर्न स्थानीय स्तरमा अपनाउनु पर्ने कार्यहरु

- लागू औषध सेवनकर्ताहरुलाई परिवार, साथीभाई, आफन्त र छिमेकीले लागू औषध सेवनकर्ता भएको जानकारी प्राप्त भएमा परिवारका नजिकका सदस्य र सरोकारवालालाई खबर गरी कुलतमा परेको अवस्थाको मूल्यांकन गरी स्वास्थ्य र मनोसामाजिक परामर्श उपलब्ध गराई आवश्यकता अनुसार सुधार गृहमा राख्ने ।
- स्थानीय तह र प्रहरी समेतका सरोकारवालाले लागू औषधको सेवन र बिक्री वितरणले पार्ने असर र सजायका सम्बन्धमा समुदायमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- लागू औषध प्रयोगकर्ता र बिक्री वितरणकर्ताको पहिचान गरी प्रहरीलाई सूचना र जानकारी दिने ।

- लागू औषधको प्रयोगको नियन्त्रण, बिक्री वितरण र ओसारपसारको नियन्त्रण र सुधारका लागि स्थानीय तहले प्रहरी सहितका सरोकारवालाहरुको सहभागीतामा योजना र कार्यक्रम निर्धारण गरी कार्यान्वयन गर्ने ।
- लागू औषधको प्रयोग र कारोबार गर्न छोडेका व्यक्तिलाई समाजमा पुर्नस्थापना गर्ने कार्यक्रम सरोकारवालाहरुबाट सञ्चालन गर्ने ।
- लागू औषधको कूलतमा फसेका व्यक्तिलाई परिवार र समाजले कूलतबाट उम्किन हिम्मत, साथ र सहयोग गर्नुपर्ने ।
- लागू औषधले पार्ने असर र सजायका सम्बन्धमा सञ्चारमाध्यममार्फत जानकारी मूलक सामाग्री प्रकाशन/प्रशारण गरी सचेतना अभिवृद्धि गर्ने ।
- स्थानीय तह सहितका सरोकारवालाहरुले लागू औषध सम्बन्धी सचेतना सामाग्री तयार गरी वितरण, प्रचार प्रसार र सचेतना गर्ने ।
- स्थानीय तहको वेभ पेजमा लागू औषध सचेतना सम्बन्धी जानकारी दिने सूचना र अडियो भिडियो सामाग्री राख्ने ।
- लागू औषधको सेवन गर्न छोडेका र सजाय भुक्तान गरी समाजमा पुर्नस्थापना भएका व्यक्तिहरुलाई यसको सचेतना, नियन्त्रण र रोकथामका लागि परिचालन गर्ने ।